स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता निखिल उप्रेतीको निर्देशकीय कमब्याक फिल्म "आचार्य"को पहिलो गीत "लै बरी लै" सार्वजनिक गरिएको छ। असोज ९ गते प्रदर्शन हुने यस गीतमा युग भुसालको शब्द तथा संगीत छ भने गौरांग शेखर शर्मा र ज्योत्सना जावडाको स्वर सुन्न सकिन्छ। गौरांग र ज्योत्सना भारतीय गायक(गायिका हुन्। सौरभ लामाको छायांकन तथा किरण थापाको कोरियोग्राफी रहेको गीतमा निखिल र सजिना श्रेष्ठ रोमान्टिक अवतारमा छन्।

**आजको विचार...**



कुर्सी...
(दुई पेजमा)

बिदुर घिमिरे



"जारी" जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म "रातो घेरा : द रेड सर्कल"को छायांकन सकिएको छ। आइतबार काठमाडौंको थापागाउँस्थित मण्डला थिएटरमा अन्तिम दृश्य खिचिएसँगै डेढ महिनामा फिल्मको छायांकन पूरा भएको हो। फिल्मलाई यस वर्षको मंसिर १८ गते प्रदर्शन गर्ने तयारी छ। विश्राम फिल्म्सका लागि जीवन गुरुङले फिल्मको निर्माण गरेका हुन्। उनले यसअघि गुरुङ भाषाको फिल्म "डोल्स्यो रानी" बनाएका थिए। "रातो घेरा" भने उनको पहिलो मूलधारको फिल्म हो।

❐ वर्ष ३२ ❐ अंक ६१ ❐ २०८३ भदौ ३१ गते बुधबार 16 September 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# ६ सय हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमण

## करिब चार हजार घरटहरा निर्माण

**राष्ट्रिय समाचार समिति (रासस)**
**राँझा (बाँके),** भदौ ३०/ बाँकेमा आर्थिक वर्ष २०८२/८३ सम्ममा ६ सय ७ हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमणमा परेको छ ।

अतिक्रमित वन क्षेत्रमा करिब ३ हजार ९ सय ९० घरटहरा निर्माण भएका छन् । हालसम्म बाँकेमा ६०७ दशमलव ९८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी टङ्क गुरुङले जानकारी दिएका छन् । अतिक्रमणको ठूलो हिस्सा विगतमा बाढीबाट विस्थापित भएका परिवारसँग जोडिएको छ । नरैनापुर गाउँपालिकामा मात्रै २७३ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ९७५ घरधुरी बसोबास गरिरहेका छन् । तत्कालीन समयमा बाढीपीडितलाई बस्न दिइएको क्षेत्रमा अतिक्रमण हटाउने प्रयास भए पनि पुन: बाढी आएपछि विस्थापित परिवार फर्केर बस्न थालेका हुन् ।



विक्रम संवत् २०६६ र त्यसपछि बाढीबाट प्रभावित परिवारलाई बसोबासका लागि दिइएको वन क्षेत्र व्यवस्थित हुन नसक्दा समस्या बढ्दै गएको हो । २०७४ सालको बाढीपछि पनि त्यस्ता परिवार पुन: वन क्षेत्रमा आएर बसोबास गर्न थालेका छन् । राप्तीसोनारी गाउँपालिकाको वडा नम्बर ५, ६ र ७ मा २११ हेक्टर वन क्षेत्र अतिक्रमण गरी १ हजार ९२५ घरधुरीले बसोबास तथा खेतीपाती गर्दै आएका छन् । वडा नम्बर २ मा ३२ दशमलव ९८ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ६०४ घरटहरा निर्माण गरिएको छ । सोही गाउँपालिकाको वडा नम्बर १, ३ र ४ मा ४१ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ७२ घरधुरी बसोबास गरिरहेको पाइएको छ । कोहलपुर नगरपालिका वडा नम्बर ७, ८ र १२ तथा बैजनाथ गाउँपालिका-२ मा समेत वन क्षेत्र अतिक्रमण भएको छ । ती क्षेत्रमा २०४४/४५ देखि २०७१/७२ सम्म गैरबाढीपीडितका २० घरटहरा निर्माण भए पनि अहिले त्यहाँ नियमित बसोबास नरहेको र सात जनाले भने खेतीपाती गर्दै आएका छन् । डुडुवा गाउँपालिका-१ बाहेक अन्य वडा र नेपालगन्जका विभिन्न क्षेत्रमा समेत वन क्षेत्रमा ३९४ घरटहरा निर्माण भएको सूचना अधिकारी गुरुङले जानकारी दिए । बाँकेमा भएको अधिकांश वन अतिक्रमण २०७५ सालअघि नै भएको हो । वन अतिक्रमण हटाउन चालु आर्थिक वर्षमा योजना बनाएर अगाडि बढ्ने डिभिजन वन कार्यालय बाँकेले जनाएको छ ।
*- रासस*

### संक्षिप्त समाचार

## फ्रिज विस्फोट हुँदा ४ जनाको मृत्यु



**एजेन्सी**
**कर्नाटक,** भदौं ३०/भारतको दक्षिणपश्चिमी राज्य कर्नाटकमा मंगलबार बिहान फ्रिज विस्फोट हुँदा एकै परिवारका कम्तीमा चार जनाको मृत्यु भएको छ । घटनामा अन्य दुई जना घाइते भएका छन् । प्रहरीका अनुसार बेलगावी जिल्लाको सेन्ट्रल बस स्ट्यान्ड नजिकै रहेको चाभाट गल्लीमा परिवार बस्दै आएको स्थानमा बिहानै फ्रिज विस्फोट भएको थियो । घटनामा घाइते भएका दुई जनाको शरीरमा करिब ६० प्रतिशतसम्म जलेको बताइएको छ । बेलगावी कर्नाटकको राजधानी बेंगलुरुदेखि करिब ५०६ किलोमिटर उत्तरपश्चिममा पर्छ । घटनाबारे प्रहरीले मुद्दा दर्ता गरी विस्फोटको कारण पत्ता लगाउन अनुसन्धान अघि बढाएको जनाएको छ ।

## भोटेकोशी बाढी : मृतकको संख्या एक हजार ३ सय ९७ पुग्यो



**पाल्पा,** भदौं ३०/ रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनेको संख्या एक हजार ३ सय ९७ पुगेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मंगलबार दिउँसो २ बजेसम्म विभिन्न प्रभावित जिल्लाबाट थप ५ जनाको शव फेला परेसँगै बाढी तथा त्यसबाट सिर्जित विपद्मा फेला परेका शवको संख्या एक हजार ३ सय ९७ पुगेको हो ।

नेपाल प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार फेला परेका शवमध्ये सबैभन्दा धेरै चितवनमा छन् । चितवनमा मात्रै ३ सय ६४ जनाको शव फेला परेको छ । त्यसपछि नवलपरासी पूर्वमा २ सय ३२, नवलपरासी पश्चिममा २ सय २२, नुवाकोटमा २ सय २, रसुवामा १ सय ८९, गोरखामा ७८, धादिङमा ७२ र तनहुँमा ३८ जनाको शव फेला परेको छ । जिल्लागत विवरणअनुसार रसुवामा १८९, नुवाकोटमा २०२, धादिङमा ७२, चितवनमा ३६४, गोरखामा ७८, तनहुँमा ३८, नवलपरासी पूर्वमा २३२ र नवलपरासी पश्चिममा २२२ जनाको शव फेला परेको हो । विपद्पछि फेला परेका शवको पहिचान तथा व्यवस्थापनको कामलाई समेत तीव्रता दिइएको प्रहरीले जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## आज विश्व ओजोन तह बचाउ दिवस मनाइँदै

**पाल्पा,** भदौ ३०/आज विश्व ओजोन तह बचाउ दिवस, विभिन्न कार्यक्रम गरी मनाइँदै आइएको छ । ओजोन तहको संरक्षणसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले नेपाल सहित विश्वभर यो दिवस मनाउन लागिएको हो ।




हरेक वर्ष सेप्टेम्बर १६ मा मनाइने यो दिवसले पृथ्वीलाई हानिकारक पराबैजनी किरणबाट जोगाउने ओजोन तहको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राख्छ । सन् १९९५ देखि यो दिवस मनाउन थालिएको हो । पृथ्वीमा कार्बन डाइअक्साइड बढ्दै जाँदा त्यसले तापक्रम पनि बढाउँदै लगेको छ । यसको प्रभाव मानिसमा मात्रै होइन, पारिस्थितिक प्रणालीमा नै परेको छ । जसका कारण पृथ्वीकै आयु घट्दै गएको भन्दै विज्ञले चिन्ता व्यक्त गरेका छन् । ६ लाख वर्षयता पृथ्वीमा कार्बनडाइ अक्साइडको मात्रा निरन्तर बढिरहेको विज्ञले बताएका छन् । सन् १८९० देखि २०१२ सम्मको अवधिमा पृथ्वीको तापक्रम शून्य दशमलव ८५ डिग्री सेन्टिग्रेडले बढेको छ । यही अवस्था रहिरहेमा सन् २०३० सम्ममा एक दशमलव ५ डिग्री सेन्टिग्रेड बढ्न सक्ने र यो शताब्दीमा २ सेन्टिग्रेडभन्दा माथि जानसक्ने मञ्चको अनुमान छ । जापान, अमेरिका, भारत, रुस, ब्राजिललगायत विकसित देशले ९५ प्रतिशत कार्बन उत्सर्जन गर्दछन् । ठूलाठूला उद्योग कलकारखानाबाट निस्किएको कार्बनको असर नेपाल जस्ता विकासशील देशहरुले पनि बराबरी भोग्नु परेको छ । वनजङ्गल, सिमसार क्षेत्र र नदीनाला संरक्षण नै कार्बन उत्सर्जन घटाउने मुख्य उपाय हो । विश्वभरि उत्सर्जन हुने कुल कार्बनमध्ये नेपालले ० दशमलव २७ प्रतिशत मात्र उत्सर्जन गर्छ । ओजोन तह पृथ्वीको वायुमण्डलमा रहेको सुरक्षात्मक तह हो, जसले सूर्यबाट आउने हानिकारक पराबैजनी (यूभी) किरणको ठूलो हिस्सा अवशोषण गर्छ । ओजोन तहमा क्षति पुग्दा मानव स्वास्थ्यसँगै वनस्पति, कृषि तथा जैविक विविधतामा समेत नकारात्मक असर पर्न सक्छ । वैज्ञानिक अध्ययनअनुसार विगतमा रेफ्रिजरेटर, एयर कन्डिसनर तथा विभिन्न औद्योगिक उत्पादनमा प्रयोग हुने क्लोरोफ्लोरोकार्बन (सीएफसी) लगायतका रसायन ओजोन तह क्षयका प्रमुख कारण बनेका थिए । ओजोन तह संरक्षणका लागि विश्व समुदायले सन् १९८७ मा मोन्ट्रियल प्रोटोकल स्वीकार गरेपछि ओजोन तहलाई क्षति पुर्‍याउने पदार्थको प्रयोग घटाउने प्रयास हुँदै आएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## ओजोन तह संरक्षणमा जिम्मेवार बनौँ

प्रत्येक वर्ष सेप्टेम्बर १६ लाई विश्व ओजोन तह बचाउ दिवसका रूपमा मनाइन्छ । विश्वभर बर्सेनि आजकै दिनलाई विश्वभरि विभिन्न कार्यक्रम गरेर विश्व ओजोन तह बचाउ दिवस मनाइने गरिन्छ । ग्लोबल वार्मिङका कारण पृथ्वीको तापमान बढ्दै गएकोमा विश्व समुदाय चिन्तित भइरहेकै बेला यो दिवस मनाउने गरिएको हो । हरेक वर्ष दिवस मनाइए पनि ओजोन तह संरक्षणमा भने खासै ध्यान दिइएको पाइँदैन । पृथ्वीमा कार्बनको मात्रा बढ्दै गएको छ भने ओजोनको तह पातलिँदै गएको छ । जसले गर्दा खतराको अवस्था सिर्जना हुने तर्फ वैज्ञानिकहरुले चिन्ता प्रकट गर्नुलाई अन्यथा लिनु हुँदैन ।

पृथ्वीलाई सूर्यबाट आउने हानिकारक पराबैजनी किरणबाट जोगाउने ओजोन तह मानव जीवन तथा समग्र पर्यावरणका लागि प्राकृतिक सुरक्षा कवच हो । त्यसैले यसको संरक्षण गर्नु कुनै एक देश वा संस्थाको मात्र नभई सम्पूर्ण मानव समुदायको साझा दायित्व हो । विगतमा क्लोरोफ्लोरोकार्बन लगायतका ओजोन तहलाई क्षति पुऱ्याउने रसायनको अत्यधिक प्रयोगका कारण ओजोन तहमा प्वाल पर्ने समस्या गम्भीर बनेको थियो । यसको असर मानव स्वास्थ्य, कृषि, वनस्पति तथा समुद्री जीवमा समेत पर्न सक्ने खतरा बढेको थियो । विश्व समुदायले समस्या समाधानका लागि मोन्ट्रियल प्रोटोकलजस्ता अन्तर्राष्ट्रिय प्रयास अघि बढाएपछि ओजोन तह संरक्षणमा सकारात्मक उपलब्धि हासिल भएको छ । यसले विश्वव्यापी सहकार्यबाट वातावरणीय चुनौती समाधान गर्न सकिन्छ भन्ने महत्वपूर्ण सन्देश दिएको छ । तर उपलब्धि हासिल भयो भन्दैमा हामी ढुक्क भएर बस्ने अवस्था छैन । जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र विभिन्न हानिकारक रसायनको प्रयोगप्रति अझै सचेत हुन आवश्यक छ । उद्योग, व्यवसाय तथा उपभोक्ताले वातावरणमैत्री प्रविधि र उत्पादनलाई प्राथमिकता दिनुपर्छ । सरकारले प्रभावकारी नीति तथा कानुन निर्माण गरी त्यसको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । साथै, विद्यालयदेखि समुदायसम्म ओजोन तह संरक्षणसम्बन्धी जनचेतना फैलाउनु जरुरी छ । नेपालजस्ता विकासोन्मुख मुलुकले पनि वातावरण संरक्षणलाई विकासको बाधक होइन, दिगो विकासको आधारका रूपमा लिनुपर्छ । ऊर्जा तथा प्रविधिको प्रयोग गर्दा वातावरणीय प्रभावलाई ध्यान दिने, हानिकारक रसायनको प्रयोग घटाउने र वातावरणमैत्री जीवनशैली अपनाउनेतर्फ सबैको ध्यान जानुपर्छ । विश्व ओजोन तह बचाउ दिवस केवल एउटा दिवस मनाउने अवसर मात्र होइन, पृथ्वी र भावी पुस्ताप्रतिको हाम्रो जिम्मेवारी सम्झाउने दिन पनि हो । ओजोन तह जोगाउनु भनेको मानव जीवन र पृथ्वीको भविष्य जोगाउनु हो । तसर्थ सरकार, निजी क्षेत्र, नागरिक समाज र आम नागरिक सबै ओजोन तह संरक्षणमा जिम्मेवार बन्न जरुरी छ ।

### Opinion @ Social Network

"जीवन एक अवसर हो,
यसलाई गुनासो गरेर होइन हाँसेर बिताउनुहोस् ।"
*(प्रकाश बि.क.को फेसबुक स्टाटसबाट www.facebook.com/Prakash.B.K.)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुर्सी अस्थायी हो, चरित्र स्थायी



## विदुर घिमिरे

*पद पाएपछि आफूलाई सर्वज्ञ, सर्वशक्तिमान र प्रश्नभन्दा माथि ठान्ने प्रवृत्ति मौलाउँदै गएको छ । आलोचना सुन्न नसक्ने, असहमति राख्नेलाई शत्रु देख्ने र आफ्ना कमजोरीमाथि शक्तिको पर्दा हाल्ने संस्कारलाई कतिपयले 'अनुशासन' को नाम दिएका छन् । तर स्पष्ट हुनुपर्छ–अस्थायी जीवनका पद, पावर, पाखुरे बल र पैसाको आडमा गरिने दादागिरी स्वीकार्य हुँदैन । कसैले सुन खाएको छैन, अरूले ढुङ्गा खाएका छैनन् । सबैसँग आत्मसम्मान छ, सबैसँग विवेक छ, सबैसँग आफ्नो सीमारेखा छ । नेतृत्वको नाममा स्वेच्छाचारिता चल्दैन । सम्बन्धको नाममा स्वार्थको राजनीति टिक्दैन । किनकि स्वार्थमा बनेका सम्बन्धहरू स्वार्थ सकिएसँगै टुट्छन् । आज साथ दिनेहरू भोलि साथ छोड्न सक्छन्, आज एउटा समूहमा उभिनेहरू भोलि अर्को समूहमा पुग्न सक्छन् । तर चरित्रको इतिहास भने मानिससँगै हिँडिरहन्छ । सम्मान गर्न जान्नेले सम्मान गर्छ । माया गर्न जान्नेले माया गर्छ । विश्वास गर्न जान्नेले विश्वास गर्छ । तर संस्कारलाई कमजोरी ठानेर त्यसको दुरुपयोग गर्न खोज्नु भ्रम हो । मौनतालाई कमजोरी ठान्नेहरूले इतिहास बुझेनन् । धैर्यलाई डर ठान्नेहरूले समयको शक्ति बुझेका छैनन् ।*

राजनीतिमा पद आउँछन्, जान्छन् । कुर्सी बदलिन्छ, सत्ता बदलिन्छ, अनुहार बदलिन्छन् । तर मानिसको वास्तविक परिचय उसको कुर्सीले होइन, कुर्सीबाट ओर्लिएपछि उसले जोगाउन सकेको चरित्रले दिन्छ । आज पदमा हुँदा दुई हात जोडेर नमस्कार गर्नेहरूको भीड लाग्छ । हिजो विरोध गर्नेहरू पनि आज नजिकिन खोज्छन् । शक्ति हातमा हुँदा वरिपरि प्रशंसाका माला लगाउनेहरू प्रशस्तै भेटिन्छन् । तर पद सकिएपछि पनि उही सम्मान, उही माया र उही सम्बन्ध कायम रहन्छ भने मात्र बुझ्नुपर्छ–त्यो सम्मान पदको थिएन, व्यक्तित्वको थियोह त्यो सम्बन्ध स्वार्थको थिएन, संस्कारको थियो । दुर्भाग्यवश, हाम्रो राजनीतिक संस्कारमा पदलाई चरित्रभन्दा ठूलो बनाउने रोग अझै गहिरो छ । पद पाएपछि आफूलाई सर्वज्ञ, सर्वशक्तिमान र प्रश्नभन्दा माथि ठान्ने प्रवृत्ति मौलाउँदै गएको छ । आलोचना सुन्न नसक्ने, असहमति राख्नेलाई शत्रु देख्ने र आफ्ना कमजोरीमाथि शक्तिको पर्दा हाल्ने संस्कारलाई कतिपयले 'अनुशासन' को नाम दिएका छन् । तर स्पष्ट हुनुपर्छ–अस्थायी जीवनका पद, पावर, पाखुरे बल र पैसाको आडमा गरिने दादागिरी स्वीकार्य हुँदैन । कसैले सुन खाएको छैन, अरूले ढुङ्गा खाएका छैनन् । सबैसँग आत्मसम्मान छ, सबैसँग विवेक छ, सबैसँग आफ्नो सीमारेखा छ ।

नेतृत्वको नाममा स्वेच्छाचारिता चल्दैन । सम्बन्धको नाममा स्वार्थको राजनीति टिक्दैन । किनकि स्वार्थमा बनेका सम्बन्धहरू स्वार्थ सकिएसँगै टुट्छन् । आज साथ दिनेहरू भोलि साथ छोड्न सक्छन्, आज एउटा समूहमा उभिनेहरू भोलि अर्को समूहमा पुग्न सक्छन् । तर चरित्रको इतिहास भने मानिससँगै हिँडिरहन्छ । सम्मान गर्न जान्नेले सम्मान गर्छ । माया गर्न जान्नेले माया गर्छ । विश्वास गर्न जान्नेले विश्वास गर्छ । तर संस्कारलाई कमजोरी ठानेर त्यसको दुरुपयोग गर्न खोज्नु भ्रम हो । मौनतालाई कमजोरी ठान्नेहरूले इतिहास बुझेनन् । धैर्यलाई डर ठान्नेहरूले समयको शक्ति बुझेका छैनन् । सहनशीलतालाई निरीहता ठान्नेहरूले सीमारेखा नाघेपछि आउने प्रतिरोधको मूल्य बुझ्न बाँकी नै छ । राजनीतिमा एउटा गम्भीर प्रश्न उठ्छ–के असहमति अराजकता हो ? के प्रश्न गर्नु अपराध हो ? के नेतृत्वको आलोचना गर्नु विद्रोह हो ? यदि उत्तर 'हो' हो भने लोकतन्त्र भाषणमा मात्र बाँकी रहन्छ । किनकि लोकतन्त्रमा नेतृत्व प्रश्नभन्दा माथि हुँदैन । पदले जवाफदेहिताबाट उन्मुक्ति दिँदैन । बरु पद जति ठूलो हुन्छ, जवाफदेहिता त्यति नै ठूलो हुनुपर्छ । आज प्रश्न गर्नेलाई 'अराजक', असहमति राख्नेलाई 'विरोधी' र आफूअनुकूल नचल्नेलाई 'अनुशासनहीन' को बिल्ला भिराउने प्रवृत्ति बढ्दो छ । यस्तो राजनीति लोकतन्त्रको अभ्यास होइनह यो त हिजोको दरबारिया मानसिकताको नयाँ संस्करण मात्र हो । कुर्सीलाई आफ्नो निजी सम्पत्ति ठान्नेहरूले एउटा कुरा सम्झनुपर्छ–कुर्सी स्थायी होइन । आज जो व्यक्ति कुर्सीमा बसेको छ, भोलि त्यही कुर्सीमा अर्को व्यक्ति बस्न सक्छ । आज वरिपरि घेरिएर उभिएको भीड भोलि अर्कैलाई घेर्न सक्छ । तर पदमा हुँदा गरिएको व्यवहारको इतिहास भने पदसँगै सकिँदैन । त्यो इतिहास मानिस जहाँ गए पनि उसको पछाडी हिँडिरहन्छ । त्यसैले पदमा हुँदा कसलाई कति दबाइयो भन्ने भन्दा, पदबाट ओर्लिएपछि कसले कति सम्मान पायो भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

शान्ति कमजोरी होइन । धैर्य डर होइन । सहनशीलता निरीहता होइन । तर शान्तिलाई डर, धैर्यलाई कमजोरी र संस्कारलाई निरीहता सम्झेर सीमारेखा मिचिरहने हो भने प्रतिरोध स्वाभाविक हुन्छ । किनकि सम्बन्ध सम्मानबाट बन्छ, डरबाट होइन । नेतृत्व विश्वासबाट चल्छ, दादागिरीबाट होइन । अनुशासन सहमतिबाट बलियो हुन्छ, थिचोमिचोबाट होइन् । चापलुसीले विवेक किन्न सकिँदैन । झुटो प्रशंसाले दृष्टिकोण बदल्न सकिँदैन । मानिसको पदभन्दा उसको व्यवहार ठूलो हुन्छ । पदमा हुँदा सबैले माया गरेको देखिन सक्छ । तर पद सकिएपछि पनि जसले माया, सम्मान र सम्बन्ध जोगाउन सक्छ, वास्तविक अर्थमा ठूलो त्यही हो । किनकि पदमा हुँदा कतिपयले बाध्य भएर पनि नमस्कार गर्छन् । कुर्सीले धेरैलाई नजिक ल्याउँछ । तर कुर्सी हटेपछि पनि जोसँग सम्बन्ध बाँकी रहन्छ, त्यहाँ स्वार्थ कम र चरित्र बढी हुन्छ । हरेक व्यक्तिभित्र सम्मान पनि हुन्छ, आक्रोश पनि । माया पनि हुन्छ, प्रतिरोध पनि । धैर्य पनि हुन्छ, निर्णय गर्ने साहस पनि । सम्मान दिनेलाई सम्मानकै जवाफ मिल्छ । माया दिनेलाई माया थपिएर फर्किन्छ । विश्वास गर्नेलाई विश्वासको मूल्य दिइन्छ । साथ दिनेलाई साथको अर्थ बुझिने गरी साथ दिइन्छ । तर अपमान, अन्याय, स्वार्थका लागि सम्बन्धको प्रयोग, शक्तिको प्रदर्शन र पदको दम्भमा अरूलाई होच्याउने प्रयासलाई सधैं मौनताले स्वीकार गर्दैन ।

***यो पृथ्वी गोलो छ ।***
***समय घुमिरहन्छ ।***
***सहनशीलताको पनि सीमा हुन्छ ।***
***धैर्यको पनि अन्त्य हुन्छ ।***
***मौनताको पनि एउटा आवाज हुन्छ ।***
***र त्यो आवाज उठेपछि त्यसलाई दबाउन सजिलो हुँदैन ।***

गलतलाई गलत भन्नु कसैको विरोध गर्नु होइन । नजिकको होस् वा टाढाको, आफ्नो होस् वा पराइ–व्यवहार गलत छ भने प्रश्न उठ्छ । एकहोरो सम्बन्धले सत्यलाई बन्धक बनाएर राख्न सक्दैन । राजनीतिको सबैभन्दा ठूलो विडम्बना यही हो–आफूले गल्ती गर्दा 'राजनीतिक परिस्थिति', अरूले प्रश्न गर्दा 'षड्यन्त्र' । आफूले शक्ति प्रयोग गर्दा 'अनुशासन', अरूले प्रतिरोध गर्दा 'अराजकता' । आफूले गुट बनाउँदा 'संगठन', अरूले आवाज उठाउँदा 'विद्रोह' । यस्तो दोहोरो मापदण्ड धेरै दिन टिक्दैन । जनताले सबै बुझेका छन् । जनताले सबै देखेका छन् । उनीहरू केवल बोलिरहेका छैनन्, पर्खिरहेका छन् । समयले सबैको हिसाब देखाउँछ । इतिहासतिर फर्केर हेर्दा पनि त्यसका उदाहरण प्रशस्तै भेटिन्छन् । सत्य बोल्दा कसैको प्रिय बन्न नसकिएला । तर दादागिरी र दमनले जनताको प्रिय बन्ने बाटो रोक्न सक्दैन । त्यसैले कसैसँग कस्तो सम्बन्ध राख्ने भन्ने निर्णय धेरै हदसम्म उसको व्यवहारले नै निर्धारण गर्छ ।

***सम्मान खोज्नेले सम्मान पाउँछ ।***
***माया खोज्नेले माया पाउँछ ।***
***साथ खोज्नेले साथ पाउँछ ।***
***तर अन्याय, अपमान र दादागिरी रोज्नेले प्रतिरोध पनि भोग्नुपर्छ ।***

**याद राख्नुहोस्**
***शान्त हुनु कमजोरी होइन ।***
***सहनु डर होइन ।***
***अनुशासन दासता होइन ।***
***असहमति अराजकता होइन ।***
***र विद्रोह सधैं अपराध हुँदैन ।***

कहिलेकाहीं विद्रोह अन्यायविरुद्ध उभिने अन्तिम नैतिक हतियार पनि हुन्छ । त्यसैले व्यवहार गर्नुअघि एकपटक सोच्नुहोस् । किनकि मानिसलाई आफूले जस्तो व्यवहार गर्छ, अन्ततः त्यही व्यवहारको प्रतिबिम्ब बनेर समय उसको ***अगाडि उभिन्छ ।***

***कुर्सी तपाईंको हुन सक्छ,***
***सत्ता तपाईंको हुन सक्छ,***
***आजको भीड पनि तपाईंको हुन सक्छ,***
***तर चरित्रको फैसला तपाईंको हातमा हुँदैन–***
***त्यो फैसला समयले गर्छ ।***

अन्ततः मानिसको उचाइ उसको पदले होइन, पदबाट ओर्लिएपछि पनि उसलाई दिइने सम्मानले मापन हुन्छ । कुर्सीमा बस्नु ठूलो कुरा होइन । कुर्सीबाट उठिसकेपछि पनि सम्मानित भएर उभिन सक्नु नै वास्तविक सफलता हो । ***(नोट : यो लेख कुनै एक व्यक्ति वा विशेष समूहलाई लक्षित गरेर लेखिएको होइन । पद र शक्तिको आडमा जनतामाथि गरिने व्यवहार, नेतृत्वमा देखिने दम्भ, असहमति दबाउने प्रवृत्ति र सम्बन्धलाई स्वार्थका लागि प्रयोग गर्ने सबै प्रवृत्तिप्रति यो एउटा सामान्य वैचारिक धारणा हो । लेखन क्रममा कतै त्रुटि वा कमजोरी देखिएमा त्यसको आत्मसमीक्षा स्वर्गीय पिता, माता र स्वयं लेखकप्रति पनि समान रूपमा लागू हुन्छ ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ काम समात्ने उत्साह बढ्नेछ। आम्दानीसँग राम्रो अवसर भेटिन सक्छ। | **तुला**: व्यवहारले नयाँ सम्बन्ध जोड्नेछ। कसैसँग भएको पुरानो असमझदारी हट्नेछ। |
| **वृष** : रोकिएको योजना चलायमान हुनेछ। विश्वासिलो व्यक्तिसँग भेट हुनेछ। | **वृश्चिक** : गोप्य विवरण बाहिर नदिनुहोस्। काममा तपाईंको सूझबुझको प्रशंसा हुनेछ। |
| **मिथुन** : एउटा जटिल विषय सहज बन्नेछ। पढाइ वा सीप सिक्ने रुचि बढ्नेछ। | **धनु**: अवसरले उत्साह थप्नेछ। यात्रासँग जोडिएको काम पूरा गर्न सकिनेछ। |
| **कर्कट** : आवश्यकतामा ध्यान जानेछ। पैसाको बचततर्फ ध्यान दिनु राम्रो हुनेछ। | **मकर** : मेहनतको नतिजा देखिनेछ। आर्थिक पक्षमा दीर्घकालीन योजना राम्रो हुनेछ। |
| **सिंह** : अरूको सहयोग प्राप्त हुनेछ। आफ्नो नाम र विश्वास जोगाउने अवसर छ। | **कुम्भ**: विचारले काम गर्ने शैली परिवर्तन गराउन सक्छ। सामाजिक सम्पर्क बढ्नेछ। |
| **कन्या** : व्यवस्थित ढंगले अघि बढ्दा दिन सहज हुनेछ। काम सिक्ने मौका पाइनेछ। | **मीन** : सेवामूलक कामकोअवसर मिल्नेछ। आरामको समयलाई बेवा स्ता नगर्नुहोस्। |

## कला मनोरञ्जन

# कस्तो व्यक्ति हुनुपर्छ चलचित्र विकास बोर्डको अध्यक्ष ?




चलचित्र क्षेत्रको सर्वोच्च संस्था चलचित्र विकास बोर्ड यतिबेला प्रशासनिक नेतृत्वको हातमा छ । दिनेश डिसीको दुई वर्षे कार्यकाल भदौ ११ गते सकिएपछि बोर्डको कार्यवाहक अध्यक्षमा सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव रविलाल शर्मालाई तोकिएको छ । केही समयमा मन्त्रालयले बोर्डको अध्यक्षका लागि विज्ञापन आह्वान गर्दै छ । मन्त्रालयले विज्ञापन आह्वानको तयारी गरिरहेका बेला केही व्यक्तिले लबिङ सुरु गरेका छन् । विशेषगरी चलचित्र क्षेत्रमा लामो समयदेखि काम गरिरहेका व्यक्तिदेखि वर्तमान सरकारसँग निकट रहेका तर चलचित्र क्षेत्रको खासै जानकार नरहेका व्यक्तिहरू पनि बोर्ड अध्यक्षका लागि सरकार तथा सरकारका निकटस्थ व्यक्तिहरूसँग लबिङ गरिरहेको स्रोतले बताएको छ । विज्ञापन आह्वान, प्राप्त उमेदवारको 'सर्ट लिस्टिङ' र चलचित्र क्षेत्रको विकासका लागि कार्ययोजना प्रस्तुत गर्ने प्रक्रिया रहे पनि सरकारको निकट र विश्वास पात्र नै बोर्डको अध्यक्ष नियुक्त हुने गरेको विगत छ । तर, अब सरकार वा विभागीय मन्त्रीको विश्वास पात्र बोर्ड अध्यक्ष हुने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा स्वयं चलचिकर्मीहरूको जोड छ । चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष राजकुमार राई चलचित्र क्षेत्र बुझेको र नीति नियम कार्यान्वयन गर्न सक्ने व्यक्ति बोर्डको नेतृत्वमा आउनुपर्ने बताउँछन् । "यो क्षेत्रलाई बुझेको र नीति नियम कार्यान्वयन गर्ने व्यक्ति जो आए पनि हुन्छ," उनी भन्छन्, "बोर्डको अध्यक्ष नीति नियम कार्यान्वयन गर्ने ठाउँ हो, त्यसैले कार्यान्वयनमा खरो उत्रिने व्यक्ति चाहिन्छ ।" राजनीतिक नियुक्ति भएकाले बोर्डमा स्वतन्त्र व्यक्ति बोर्ड अध्यक्ष हुन्छ भन्ने उनलाई लाग्दैन । तर, राजनीतिक नियुक्ति भए पनि चलचित्र क्षेत्रलाई भित्री पत्रसम्म बुझेको र काम गर्ने हुटहुटी भएको व्यक्तिलाई बोर्डको नेतृत्व दिन सरकारलाई उनको सुझाव छ । "कोही बोल्न जान्ने आएर बिग्रियो, कोही नीति नियम धेरै बुझेको मान्छे आएर बिग्रियो," पूर्वअध्यक्ष राई भन्छन्, "अब आउने व्यक्ति काम गर्न सक्ने, कार्यान्वयनमा जोड दिने व्यक्ति चलचित्र क्षेत्रभित्रै बाट आउनुपर्छ ।" सरकारमा रहेको दलको निटक व्यक्ति नै बोर्डमा पुग्ने, तर त्यस्तो व्यक्ति पनि सिनेमा क्षेत्रभित्र कै चलचित्र बुझेको नै हुनुपर्ने उनको धारणा छ । चलचित्र निर्माता तथा कलाकार रवीन्द्र सिंह बानिया सिनेमा क्षेत्रको विकासका लागि प्रस्ट भिजन भएको र सबैलाई विश्वासमा लिएर काम गर्न सक्ने व्यक्ति बोर्डको नेतृत्वमा आउनु पर्ने बताउँछन् । "अहिलेकै बजेटले सिनेमामा केही हुँदैन । हिन्दी सिनेमाको ट्याक्सले चलचित्र क्षेत्रको विकास हुँदैन," रवीन्द्र भन्छन्, "सरकारसँग बजेट माग्न सक्ने र सरकारले पनि पत्याउने व्यक्ति बोर्डमा जानुपर्छ ।" अब बोर्डमा जाने नेतृत्वले बनेपाको इनडोर स्टुडियो टुंगो लगाउनुपर्ने, संसद्मा रहेको विधेयक चलचित्र क्षेत्रको विकासमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने उनी बताउँछन् । यसका लागि नेपालको कर्मचारीतन्त्र बुझेको र कर्मचारीतन्त्रले विश्वास गर्नसक्ने 'हाइट' भएको व्यक्ति बोर्डमा जानुपर्ने उनको धारणा छ । "अन्यथा, फोटो मात्रै झुण्ड्याउन जो गए पनि हुन्छ । कर्मचारीले चलाएको देशमा पहिला कानुन नै स्वतन्त्र हिसावले बोर्ड चलाउन सक्ने गरी बनाउनुपर्नेछ," रवीन्द्र भन्छन्, "यसका लागि काम गर्नसक्ने खालको व्यक्ति पठाउनुपर्छ ।" चलचित्र निर्देशक केपी पाठक सिनेमाको सिर्जनात्मक र व्यवसायिक दुवै पाटो बुझेको व्यक्ति विकास बोर्डको नेतृत्वमा पुग्नुपर्ने बताउँछन् । चलचित्र क्षेत्रको विकासका लागि मार्ग प्रशस्त गर्ने कानुन बन्ने विधेयकका लागि अडान लिएर काम गर्ने व्यक्ति विकास बोर्डको अहिलेको आवश्यकता भएको उनको ठहर छ । "जस्तो कानुन आए पनि ठिकै छ भन्ने व्यक्ति बोर्डमा गएर हुँदैन । कस्तो कानुन बनाउँदा चलचित्र क्षेत्रको विकास हुन्छ, त्यसमा लडेर आृनो कुरा राख्ने व्यक्ति चाहिन्छ," केपी भन्छन् । लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसाथ गर्दै सोही अनुसारको कानुन बनाउन पहल गर्ने व्यक्ति विकास बोर्डमा जानु पर्ने उनको धारणा छ । बोर्डको अध्यक्ष पद प्रशासनिक र राजनीतिक पनि भएकाले सिर्जनात्मक व्यक्ति मात्रै भएर नपुग्ने उनको धारणा छ । यसका लागि कुनै संस्था चलाएको अनुभव भएको व्यक्ति भए सहज हुने उनको भनाइ छ । "बोर्डको अध्यक्षले विभिन्न संस्था र मन्त्रालयसँग समन्वय गर्नुपर्छ । कर्मचारी परिचालन गर्नुपर्छ," केपी अगाडि थप्छन्, "त्यसैले यो पद प्रशासनिक र राजनीतिक पनि भएकाले कुनै संगठनको नेतृत्व गरेको व्यक्ति भए सहज हुन्छ ।" अहिलेको समयमा नेपाली चलचित्रको राष्ट्रियसँगै अन्तर्राष्ट्रिय बजार विस्तार पनि मुख्य विषय भएको उनको बुझाइ छ । "त्यसैले अहिले ग्लोबल सिनारियो बुझेको व्यक्ति नभए यो काम गर्न सम्भव छैन । अन्तर्राष्ट्रिय समुदायसँग राम्रो सम्बन्ध भएको व्यक्ति हुनुपर्छ," केपी भन्छन्, "अन्तर्राष्ट्रिय बजार बुझेको र नेपाल बाहिर नेपाली सिनेमाको बजार खोज्ने व्यक्ति चाहिन्छ ।" पुरानै सोच र प्रवृत्तिको दलदलमा विकास बोर्ड रहेको र त्यसबाट बाहिर निकाल्नुको विकल्प नरहेको चलचित्र निर्देशक समाजका पूर्वअध्यक्ष जनकदीप पराजुली बताउँछन् । "चलचित्र क्षेत्र नयाँ कानुनको पर्खाइमा छ । चलचित्र क्षेत्रको विकासका लागि अहिले कानुन निर्माणको चरणमा छ । यसका लागि बोर्ड समन्वयकारी भूमिकामा भएकाले अहिले कानुन बुझ्ने र त्यसका लागि समन्वय गर्नेसक्ने व्यक्ति बोर्डमा आवश्यक छ," उनी भन्छन् । "जेनजी विद्रोहपछि देशमा अग्रगामी परिवर्तन हुन्छ भन्ने सोचिएको थियो । चलचित्र क्षेत्रमा पनि परिवर्तन होस् भन्ने सोचेका थियौं," उनी भन्छन्, "यसको मुख्य अवरोध ०२६ सालको कानुन नै रहेछ । त्यो कानुनलाई परिवर्तन गर्न सक्ने र त्यसलाई कार्यान्वयन गर्ने व्यक्ति हामीले खोजेका छौँ ।" मन्त्रालय र संसद्मा पनि समन्वय गर्न सक्ने, धेरैसँग राम्रो सम्बन्ध भएको तथा आृनो बलियो प्रभाव राख्नसक्ने व्यक्ति अहिले बोर्डका लागि उपयुक्त हुने उनको भनाइ छ । "चलचित्र क्षेत्रलाई विकास गर्न सक्ने, प्रशासनिक भिजन क्लियर भएको व्यक्ति आउनुपर्छ," जनकदीप भन्छन्, "चलचित्र क्षेत्रसँग सम्बन्धित संघसंस्थालाई पनि मिलाएर लैजान सक्ने व्यक्ति चाहिन्छ ।" सरकारले नातावाद र कृपावादको प्रभावमा नपरी प्रस्ट भिजन भएको योग्य व्यक्तिलाई योग्यताका आधारमा नियुक्त गरिनुपर्नेमा उनले जोड दिए । सञ्चार मन्त्रालयले बोर्डको रिक्त रहेको अध्यक्ष पदमा विज्ञापन आह्वान गरेपछि प्राप्त आवेदकबाट 'सर्ट लिस्ट' गरेर तीनजनाको नाम छनोट गर्छ । 'सर्ट लिस्ट'का लागि मन्त्रालयले तीनजनाको समिति बनाउँछ । उक्त समितिले दिएको तीनजनाको नाम सञ्चार मन्त्रालयले मन्त्रिपरिषद्मा लैजान्छ । मन्त्रिपरिषद्ले सञ्चार मन्त्रालयले सिफारिस गरेका तीनजनामध्ये एकजनालाई बोर्डको अध्यक्ष नियुक्त गर्ने कानुनी प्रक्रिया रहेको छ ।

*-बाह्रखरी डटकम*

# 'झिँगेदाउ २' को ट्रेलर : पारिवारिक मेलमिलाप र नोकझोंकको मर्मस्पर्शी कथा



प्रदर्शनको तयारीमा रहेको फिल्म 'झिँगेदाउ २'को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरले फिल्मको कथावस्तु, चरित्र चित्रण र केन्द्रीय द्वन्द्वबारे संक्षिप्त संकेत गरेको छ । ट्रेलरमा दाजुभाइ तथा देउरानी-जेठानीबीचको द्वन्द्व, आमाको ममता, सन्तानको प्रेम र आमाको खोजीलाई प्रस्तुत गरिएको छ । निर्देशक ज्ञानेन्द्र देउजाले ट्रेलर सार्वजनिक भएपछि दर्शकबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भइरहेको बताए । देउजाका अनुसार फिल्मको पहिलो झलक सार्वजनिक भएदेखि नै दर्शकको चासो बढेको थियो भने तीज गीत सार्वजनिक भएपछि उत्साह थपिएको छ । टिकटक, युट्युबलगायत सामाजिक सञ्जालमा देखिएको भ्युज, सेयर र पोस्टिङले फिल्मप्रति दर्शकको चासो देखाएको उनको भनाइ छ । ट्रेलर सार्वजनिक गर्नुअघि भने आफूहरू केही दबाबमा रहेको देउजाले बताए । 'झिँगेदाउ १' प्रति दर्शकको हाइप बढिरहेका बेला दोस्रो फिल्मको ट्रेलरले त्यसलाई कायम राख्न सक्ला कि नसक्ला भन्ने चुनौती रहेको उनको भनाइ छ । तर, ट्रेलर सार्वजनिक भएको केही समयमै सामाजिक सञ्जालमा सकारात्मक प्रतिक्रिया आउन थालेपछि आफू उत्साहित भएको उनले बताए । देउजाले भने, 'ट्रेलर सार्वजनिक गरेको १०-१५ मिनेटदेखि नै दर्शकको राम्रो प्रतिक्रिया आउन थाल्यो ।

यसले फिल्मप्रतिको उत्साह र जिज्ञासा बढाएको महसुस भएको छ । 'झिँगेदाउ २' प्रति दर्शकको चासो र प्रतीक्षाले हामीलाई अझै आशावादी बनाएको छ ।' फिल्म प्रदर्शनका लागि केही दिन मात्रै बाँकी रहेकाले पर्याप्त समय प्रचारप्रसार गर्न नपाएकोमा भने उनले दुःख व्यक्त गरे । पछिल्लो समयको विपद्का कारण प्रचारका लागि सीमित समय पाएको बताउँदै देउजाले अब दर्शक मनोरञ्जनतर्फ फर्किने आशा व्यक्त गरे । 'झिँगेदाउ २'ले दर्शकलाई मनोरञ्जन दिनुका साथै दुःख भुल्न र कठिन परिस्थितिबाट अघि बढ्न सहयोग गर्ने उनको विश्वास छ । दर्शकले फिल्मलाई माया गर्नेमा आफू आशावादी रहेको उनले बताए । कपनगढी सिनेमा प्रालि र फिल्म क्रू नेपाल प्रालिको ब्यानरमा निर्माण भएको फिल्मलाई देउजाले निर्देशन गरेका हुन् । सुलभ प्रतिक देउजा र समीक्षा देउजाको लगानी रहेको फिल्ममा रोशनी अधिकारी देउजा र नीतु श्रेष्ठ देउजा सहनिर्माता छन् । विष्णु घिमिरे 'कल्पित'को छायांकन रहेको फिल्ममा मित्र गुरुङको सम्पादन, अर्जुन पोखरेलको संगीत र रोशन श्रेष्ठको एक्सन छ । फिल्ममा केकी अधिकारी, आँचल शर्मा, महेश त्रिपाठी, कुशल बिष्ट, आर्यन सिग्देल, हिउँवाला गौतम, सरोज खनाल र बसुन्धरा भुसालगायत कलाकारको अभिनय छ । 'झिँगेदाउ २' असोज २ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

*-अनलाइन खबर डटकम*

# गोविन्दासँगको सम्बन्धको हल्लाबारे नीलमले के भनिन् ?



अभिनेत्री नीलम कोठारीले हालै गोविन्दासँगको आफ्नो सम्बन्धका विषयमा चलेका पुराना हल्लाहरूका बारेमा स्पष्ट पारेकी छन् । ती हल्लाहरू चल्दा आफू निकै कम उमेरको रहेको र गोविन्दाको विवाह भइसकेको विषयमा आफूलाई जानकारी नै नरहेको उनले बताएकी छन् । टाइम्स नाउलाई दिएको अन्तर्वार्ताका क्रममा नीलमले यी कुरा बताएकी हुन् । ८० को दशक र ९० को दशकको सुरुवाततिर नीलम र गोविन्दाले धेरै फिल्महरूमा सँगै काम गरेका थिए । त्यसपछि उनीहरूको सम्बन्धलाई लिएर वर्षौंसम्म चर्चा चलिरहेको थियो । अन्तर्वार्तामा गोविन्दाले अफ-स्क्रिन उनलाई माया गर्थे भनी सोधिएको प्रश्नमा नीलमले भनिन्, 'मलाई थाहा छैन । पहिलो कुरा त म त्यो बेला निकै सानो थिएँ। अहिले पो मलाई थाहा भयो कि सायद त्यो बेला उहाँको विवाह भइसकेको रहेछ ।' उनीसँगै बसेका उनका पति समीर सोनीले गोविन्दा निकै असल व्यक्ति रहेको बताए । आफू जब-जब भेटेको छु, उनले निकै न्यानोपनका साथ भेट्ने गरेको समीरले उल्लेख गरे । समीरले थपे, 'जुन कुरा २० वर्षअघि भएको पनि हुन सक्छ वा नहुन पनि सक्छ, त्यसका बारेमा मलाई थाहा नै छैन भने म त्यसलाई लिएर कसरी बसौँ ?' त्यस समयमा कसैसँग सम्बन्ध बनाउनु आफ्ना लागि कहिल्यै पनि विकल्प नरहेको नीलमले बताइन् । आफ्नो सम्पूर्ण ध्यान हिन्दी भाषा सिक्न र अभिनयमै केन्द्रित रहेको उनको भनाइ छ । उमेर कम भएकै कारण सुटिङका क्रममा परिवारका कुनै न कुनै सदस्य साथमै जाने गरेको पनि उनले सम्झिइन् । सेटमा सबैले आफूलाई धेरै माया गर्ने र सहकलाकारहरूले बच्चालाई जस्तै व्यवहार गर्ने नीलमले बताइन् । समीर सोनीका अनुसार ज्याकी स्रोफ र सञ्जय दत्त त नीलमको सुरक्षालाई लिएर अझ बढी सतर्क रहन्थे । नीलम र गोविन्दाको जोडीले ८० र ९० को दशकमा कैयौँ सुपरहिट फिल्महरू दिएका थिए । पर्दामा उनीहरूको केमेस्ट्रीलाई दर्शकले निकै मन पराएका थिए । यो जोडीको सुरुवात सन् १९८६ को फेब्रुअरी १४ मा रिलिज भएको 'लभ ८६' बाट भएको थियो, जुन गोविन्दाको डेब्यू फिल्म पनि थियो । त्यसको दुई हप्तापछि फेब्रुअरी २८ मा उनीहरूको अर्को फिल्म 'इल्जाम' रिलिज भयो । यस फिल्मका गीत र गोविन्दाको डान्सले उनलाई रातारात ठुलो पहिचान दिलाएको थियो । त्यसपछि उनीहरूले 'खुदगर्जब', 'सिन्दुर', 'हत्या', 'दो कैदी' र 'फर्ज की जंग' जस्ता फिल्महरूमा सँगै काम गरे । हङकङमा जन्मिएकी नीलमका पिता गुजराती जैन र आमा पारसी थिइन् । मुम्बईमा छुट्टी बिताउन आएका बेला फिल्म निर्देशक रमेश बहलसँग भेट भएपछि उनले १५ वर्षको उमेरमा 'जवानी' (१९८४) फिल्मबाट डेब्यू गरेकी थिइन् ।

*-रातोपाटी डटकम*

# सप्त ऋषिको पूजा गरी ऋषि पञ्चमी मनाइयो



**पाल्पा,** भदौं ३०/भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी मंगलबार नारीहरुले सप्त ऋषिको पूजा आराधना गरी मनाएका छन् । हिन्दु नारीहरूले अरुन्धतीसहित सप्तऋषि अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा-आराधना गरी यो पर्व मनाएका हुन् ।

नारीहरू बिहानै उठेर नजिकका नदी, खोला, ताल, तलैया तथा पोखरीमा गई ३६५ वटा दतिवनले दाँत माझी गाईको गोबर, माटो एवं खरानी लगाएर स्नान गरेका थिए । तीज पर्वमा महिला र पुरुष दुवैले पूजा गर्ने भए पनि ऋषि पञ्चमीमा महिलाले मात्र स्नान तथा पूजा गर्नुपर्ने शास्त्रीय मान्यता रहेको छ । यस दिन नारीहरूले आफ्नो सौभाग्यका प्रतीक सिन्दूर, पोते, चुरा तथा धागो सप्तऋषिलाई चढाउने गर्छन् । रजस्वलाका समयमा छोइछिटो भएको भए अरुन्धती सहित सप्तर्षिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास अनुरुप महिलाले यो पर्व मनाएका छन् । नारीलाई रजस्वलाको प्रथम दिन चाण्डाल्नी, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोबिनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ । यसैकारण यस दिन दतिवन, गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछूतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय बचन रहेको संस्कृतिका जानकार तथा पण्डित होमनाथ न्यौपाने बताउँछन् । प्राचीन समयमा इन्द्रले विश्वरूपको शिरलाई तीन टुक्रा पारी हत्या गरेको कारण बह्मा हत्याको पाप भोग्नुपर्‍यो । हत्याबाट पिरोलिएका इन्द्रले आफ्नो दुःख बह्ममालाई सुनाए । इन्द्रको बह्म हत्या निवारणका लागि बह्ममाले एक वर्षसम्मको दोष इन्द्रलाई भोग गराई बाँकी दोष पृथ्वी, वृक्ष, जल र स्त्रीमा चार भाग लगाई चारैतिर ृयाँकिदिए । यसैकारण उब्जनी नहुने उर्वरभूमि, वृक्षबाट निस्कने खोटो, पानीमा फिँज र स्त्रीमा रज देखिन थालेको धार्मिक विश्वास रहि आएको छ । प्रत्येक वर्ष ऋषि पञ्चमीका दिन गुल्मी र पाल्पाको संगमस्थल रिडीमा स्नान गर्नेहरुको भिड श्रद्धालु महिला भक्तजनको भीड लाग्ने गर्दछ ।

केही महिलाहरुले भने घरमै पण्डित राखेर ऋषि पञ्चमीको पुजा गरेका छन् । हरितालिका (तीज)को व्रत एवं पूजा महिला पुरुष दुवैले गर्ने शास्त्रीय वचन रहे पनि ऋषि पञ्चमी भने महिलाका लागि मात्र गर्नुपर्ने शास्त्रीय वर्णन रहेको छ । पूजा-आराधना सम्पन्न भएपछि कर्कलोलगायत अन्य कन्दमूलको तरकारी बनाएर खाने प्रचलन छ । कर्कलोमा आइरनलगायतका पोषक तत्व पाइन्छन्, जुन शरीरका लागि आवश्यक मानिन्छ ।

## आज विश्व ओजोन तह...

...नेपालमा पनि दिवसका अवसरमा ओजोन तह संरक्षण, वातावरणीय प्रदूषण न्यूनीकरण तथा ओजोन तहलाई असर गर्ने रसायनको प्रयोग नियन्त्रणसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरिँदै आएका छन् । वातावरण संरक्षणका लागि ओजोन तहको संरक्षणसँगै जलवायु परिवर्तन न्यूनीकरण र वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा विज्ञहरूले जोड दिँदै आएका छन् । पृथ्वीको वातावरण सुरक्षित राख्न सरकार, निजी क्षेत्र तथा सर्वसाधारण सबैको सहकार्य आवश्यक रहेको उनीहरूको भनाइ छ ।

## भोटेकोशी बाढी : मृतकको...

...शव पहिचानका लागि डीएनए नमुना संकलनदेखि आवश्यक कानुनी तथा प्राविधिक प्रक्रिया पूरा गरी हालसम्म १ हजार २ सय ३० वटा शव व्यवस्थापन गरिएको छ । तत्काल पहिचान हुन नसकेका शवलाई सुरक्षित रूपमा माटोमुनि राखिएको प्रहरीले जनाएको छ । शवको पहिचानका लागि मृतक तथा उनीहरूका आफन्तबाट ठूलो संख्यामा डीएनए नमुना संकलन गरिएको छ । हालसम्म मृतकका तर्फबाट १ हजार २ सय ८६ र आफन्तका तर्फबाट १ हजार ८ सय ८९ गरी कुल ३ हजार १ सय ७५ वटा डीएनए नमुना संकलन गरिएको छ । संकलित नमुनाका आधारमा शवको पहिचान गर्ने प्रक्रिया अघि बढाइएको छ । यसैबीच, पहिचान हुन नसकेका शवहरूको विवरणसमेत सार्वजनिक गरिएको छ । हालसम्म पहिचान नभएका १ हजार ३ सय ६१ शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा अपलोड गरिएको छ । आफन्त तथा परिवारका सदस्यले उक्त विवरणका आधारमा आफ्ना बेपत्ता सदस्यसँग मिलान गरी पहिचान प्रक्रियामा सहयोग गर्न सक्ने प्रहरीले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, बेपत्ता व्यक्तिको खोजी, शव व्यवस्थापन तथा अन्य आवश्यक कार्यका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रहरीले दिएको विवरणअनुसार हालसम्म ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारी विपद् प्रभावित क्षेत्रमा परिचालन गरिएका छन् । बाढीपछि अझै ठूलो संख्यामा मानिसहरू बेपत्ता रहेकाले खोज तथा उद्धार कार्य चुनौतीपूर्ण बनेको छ । मंगलबारसम्म ४ हजार ८९ जना अझै बेपत्ता रहेको र उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । विपद्का कारण विस्थापित तथा उद्धार गरिएका व्यक्तिहरूलाई विभिन्न जिल्लामा स्थापना गरिएका होल्डिङ सेन्टरमा राखिएको छ । हालसम्म विभिन्न होल्डिङ सेन्टरमा ३ हजार ४ सय ४० जना व्यक्तिलाई राखिएको प्रहरीले जनाएको छ । भोटेकोशीमा आएको बाढीले रसुवासहित आसपासका जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएको छ । बाढीका कारण धेरै परिवार प्रभावित भएका छन् भने ठूलो संख्यामा मानिसहरू विस्थापित भएका छन् । उद्धार गरिएका तथा प्रभावित परिवारलाई राहत उपलब्ध गराउने, बेपत्ताको खोजी गर्ने र फेला परेका शवको पहिचान तथा व्यवस्थापन गर्ने काम एकसाथ अघि बढाइएको छ । बेपत्ता व्यक्तिको संख्या अझै हजारौँमा रहेकाले खोजी कार्यलाई प्रभावकारी बनाउन सुरक्षा निकाय तथा सम्बन्धित निकायले निरन्तर प्रयास गरिरहेका छन् ।

## खेलकुद समाचार

### वार्नरले काठमाण्डु गोर्खाजबाट एनपीएल खेल्ने



**काठमाडौं,** भदौ ३०/अस्ट्रेलियाका स्टार क्रिकेटर डेभिड वार्नरले काठमान्डु गोर्खाजबाट तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) खेल्न नेपाल आउने भएका छन् । गोर्खाजले सामाजिक सञ्जाल मार्फत् वार्नरलाई अनुबन्ध गरिएको जनाएको छ । उनी एनपीएल खेल्न आउने हालसम्मकै ठूला विदेशी खेलाडी हुन् । यसअघि अस्ट्रेलियाको क्रिकेटिङ संस्था सिम स्ट्राइकले पनि वार्नरले एनपीएल खेल्ने भनेर पोस्ट नै राखिसकेको थियो । वार्नरले उक्त पोस्टमा लाइक पनि गरेका थिए । यस्तै काठमान्डु गोर्खाजले राखेको हिन्ट अनुसार वार्नर नै उक्त खेलाडी रहेको संकेत देखिएको थियो र अनलाइनखबरले यसबारेमा समाचार प्रकाशन गरेको थियो । 'डेबिड वार्नरलाई एकै रातको प्रयासमा ल्याइएको होइन, यसका लागि महिनौसम्म छलफलहरु भएका थिए र यसमा सहभागि सबैको कुरा-चित्त, धैर्यता र विश्वास गराउन महिनौं लाग्यो । तर उनी स्तरको खेलाडीले काठमाडौंको प्रतिनिधित्व गर्ने र टियु मैदानमा खेल्ने सम्भावनाले हरेक प्रयासको मुल्य बनायो,' काठमान्डु गोर्खाजका कार्यकारी निर्देशक अनुभव स्वार सिरोहियाले भनेका छन् । ३९ वर्षीय वार्नरले अस्ट्रेलियाका लागि दुई ओडीआई विश्वकप, एक टी-२० विश्वकप र विश्व टेस्ट च्याम्पियनसिप तीनवटै मुख्य प्रतियोगिता जितेका छन् । वार्नरले सन् २०१५ र २०२३ को ओडीआई विश्वकप, सन् २०२१ को टी-२० विश्वकप र सन् २०२३ को विश्व टेस्ट च्याम्पियनसिप जितेका छन् । उनी अस्ट्रेलियाका लागि तीनवटै फर्म्याटमा शतक बनाउने खेलाडी पनि हुन् । वार्नरले टी-२०आईमा ११० खेल खेल्दा १ शतकसहित ३२०० भन्दा बढी रन बनाएका छन् ।

**वर्गिकृत डिस्प्ले**


*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा वृद्धि



**पाल्पा,** भदौं ३०/ मंगलबार शेयर बजार परिसूचक नेप्से ४८ दशमलव ५७ अंक (१.८७ प्रतिशत) बढेको छ । यो वृद्धिपछि नेप्से २ हजार ६ सय ३३ अंकमा कायम भएको छ । नेप्सेको यो अंक भदौ १ याताकै उच्च हो ।

सरकारले ल्याएको पूँजी बजार सुधार कार्ययोजनाले सेयर बजारमा सकारात्मक प्रभाव पारेको छ । अघिल्लो दिन अर्थमन्त्री स्वर्णिम वाग्लेले पूँजीगत लाभकर हालको भन्दा आधा घटाउनेसहित बजार सुधारको कार्यायोजना सार्वजनिक गरेका थिए । जसले गर्दा कारोबार खुलेदेखि नै लगानीकर्तामा हौसला मिल्यो । कारोबार खुलेको एक मिनेटमै नेप्से २ हजार ६ सय ७९ अंकसम्म पुगेकोमा त्यसपछि सम्हालिँदै १२ : ५४ बजे २ हजार ६ सय ११ अंकमा आएको थियो । करिब १ बजेपछि अन्तिम समयसम्म बजारले फेरि वृद्धिको लय समात्यो । कारोबारमा आएकामध्ये २६५ वटा स्टक्सको मूल्य बढ्दा १२ वटाको घट्यो । १ स्टकको मूल्य भने यसदिन स्थिर रह्यो । नेप्से परिसूचक उच्च अंक्ले वृद्धि भएपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । धौलागिरी लघुवित्त वित्तीय संस्थाको सेयर सर्वाधिक १४ दशमलव ९६ प्रतिशतले बढ्यो । सिन्धु विकास बैंकको सेयर ११ दशमलव ०३ प्रतिशतले बढ्दा मल्टिप्रपोज फाइनान्स कम्पनीको सेयर ९ दशमलव ७३ प्रतिशत र जानकी फाइनान्सको ८ दशमलव ०६ प्रतिशतले बढ्यो।कारोबार रकमका आधारमा रिलाइन्स स्पिनिङ्गस शीर्षस्थानमा रह्यो । सो कम्पनीले ३२ करोडको मूल्य बराबरको सेयर कारोबार भयो । यसैगरी शिवम् सिमेन्टले ३१ करोडको सेयर कारोबार गर्दा अपी पावरको २८ करोड,एनआरएन एन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टको २८ करोड र लिबर्टी इनर्जीको २७ करोड मूल्य बराबरको कारोबार भयो । यसदिन १३ वटै समूहको उपसूचक सकारात्मक देखिए । फाइनान्स,इन्भेस्टमेन्ट,लाइफ इन्स्योरेन्स,नन लाइफ इन्स्योरेन्सको उपसूचक २ प्रतिशतले बढिले वृद्धि भए ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5440594 L का Sepoy शेर बहादुर थापा (ना.प्र.मा शेर वहादुर दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन सरी र जन्म मिति सन् १९३८ सेप्टेम्वर ३० (वि.स.१९९५/०६/१४) र नेपाली नागरिकता प्रमाणपत्रमा धन सरी दर्लामी, जन्म मिति वि.स. १९९५/०६/१५ (सन् १९३८ अक्टुवर १) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 9417838 X का NK गुन बहादुर प्रधान (ना.प्र.मा गुन वहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा खिम कान्ती प्रधान (Khima Kanti Pradhan) र जन्म मिति सन् १९६७ मार्च १३ (वि.स.२०२३/११/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा खिम कान्ती गाहा (Khim Kanti Gaha), जन्म मिति वि.स. २०२७/०४/३१ (सन् १९७० अगष्ट १५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई